नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# २०८०/०८१ अङ्क-४ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७२ (पूर्णाङ्क २७७)

## सूचीकृत हुनका लागि सूचना !

**सूचना प्रकाशन मिति :-२०८०।०७।१५**

यस केन्द्रद्वारा नेपाल शिक्षा सेवाका कर्मचारीको १ महिने (३० कार्यदिने) सेवाकालिन तालिम, प्रशिक्षक प्रशिक्षण कार्यक्रम (प्रअ नेतृत्व विकास समेत) र छोटा अवधिका क्षमता विकास तालिम सञ्चालन गर्दै आइरहेको छ। उपर्युक्त विविध तालिम सञ्चालन गर्नका लागि विज्ञहरूको रोष्टर सूची तयार गर्न लागिएको व्यहोरा जानकारी गराउँदछौं। शिक्षा, मानविकी, व्यवस्थापन, अर्थशास्त्र र कानून विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरेका र निजामती सेवा र अन्य सरकारी एवं गैरसरकारी सेवामा कम्तीमा १० वर्षको अनुभव सहित प्रौढ मनोविज्ञानको सिद्धान्त अनुसार तालिम सञ्चालन गर्न सक्ने व्यक्तिहरूले तपसिल बमोजिमका कागजातको प्रमाणपत्रको प्रमाणित पत्र वा scan copy आफ्नो हस्ताक्षर गरी सूचीकृत हुनका लागि यहि मिति २०८०।०८।१४ गतेसम्म निवेदन दिनहुन यो सूचना यस केन्द्रको मिति २०८०।०७।१४ को निर्णयानुसार प्रकाशन गरिएको छ। सूचीकृत हुनका लागि यो गुगल फर्म भरेमा निवेदन दिएको मानिनेछ र त्यस्तो विवरण रुजु गरी सूचीकृत हुने विज्ञको नामावली यस केन्द्रको वेबसाइटमा पछि प्रकाशन गरिनेछ।

**गुगल फर्ममा सलग्न गर्नुपर्ने विवरण** :

**१- नेपाली नागरिकताको प्रमाणपत्र।**

**२- स्थायी/अस्थायी नियुक्ति पत्रको प्रमाणपत्र/अवकाश पत्रको प्रमाणपत्र।**

**३- शैक्षिक योग्यताको ट्रान्सक्रिप्टको प्रमाणपत्र।**

**नोटः-** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत उच्च तहमा कार्यरत कर्मचारी तथा यस अघि सूचीकृत भएका व्यक्तिले पुनः सूचीकृत हुन आवश्यक नभएकाले सो बाहेकले मात्रै यो गुगल फर्म भर्न हुन अनुरोध गरिन्छ।

**https://forms.gle/g6QTmPck6AJqhkNg7**

नेपाल सरकार

शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

## बोलपत्र स्वीकृत गर्ने आशयको सुचना

**(सुचना प्रकाशित मिति : २०८०।०७।१६)**

यस केन्द्रबाट मिति २०८०।०५।०१ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार स्टेसनरी तथा कार्यालय सामानका लागि पेस हुन आएका बोलपत्रहरू मूल्याङ्कन समितिबाट मूल्याङ्कन हुँदा निम्न बोलपत्र दाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत प्रभावग्राही बोलपत्र रही उक्त बोलपत्र स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र सोही ऐनको दफा ४७ को प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | ठेक्का नं | कामको विवरण | बोलपत्र दाताको नाम/ठेगाना | कबोल अङ्क |
|---|---|---|---|---|
| १. | CEHRD/SESP/Goods/ NCB-1/2080/81 | Procurement of Stationary and office Goods | श्री सि.बि.एस. इन्टरप्राइजेज, अनामनगर, काठमाडौं। | १२,८५,२३७।१४ (मू.अ.क. सहित) |

## टेलिभिजनबाट श्रव्यदृश्य पाठ प्रसारण सम्बन्धी सूचना

विद्यालय शिक्षाको पाठ्यक्रम, पाठ्यपुस्तकमा आधारित भई यस केन्द्रबाट उत्पादन गरिएका कक्षा १०, ९, ८ र ७ का श्रव्यदृश्य पाठहरू बिहान ६:०० बजेदेखि ८:३० बजेसम्म २ घन्टा ३० मिनेट र कक्षा ६, ५, ४, ३, २, १ र १० का श्रव्यदृश्य पाठहरू अपरान्ह ४:३० बजेदेखि साँझ ७:०० बजेसम्म २ घन्टा ३० मिनेट शनिबार बाहेक हरेक दिन नेपाल टेलिभिजनको **NTV+** च्यानलबाट प्रसारण गरिँदै आइएको छ। यसरी प्रसारण गरिने श्रव्यदृश्य पाठहरूबाट विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाई दिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष अनुरोध छ। साथै सबै विद्यार्थीले उक्त पाठहरू हेरी लाभ लिनुहुन अनुरोध गरिन्छ।

श्रव्यदृश्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट **cehrd.gov.np** मा हेर्न सकिनेछ। कक्षा १ देखि १० सम्मका श्रव्यदृश्य पाठहरू केन्द्रको Youtube Channel: **www.youtube.com/ncedvirtual** बाट पनि आफ्नो अनुकूल समयमा आवश्यकता अनुसार हेर्न सकिनेछ।

## अनुदान पाई विवरण नपठाउने जिल्लाहरूलाई सूचना

तपसिल बमोजिमको विवरण पठाउन यसपूर्व नै सबै शिक्षा विकास तथा समन्वय एकाइहरूमा सूचना तथा पत्राचार गरिएकोमा केही जिल्लाहरूबाट हालसम्म पनि उक्त विवरण प्रप्त नभएको हुँदा २०८० कार्तिक मसान्तभित्र अनिवार्य रूपमा उक्त विवरण यस केन्द्रमा पठाउनुहुन अनुरोध छ।

| क्र.सं. | स्थानीय तह | आ.व. २०७३/०७४ सम्ममा अनुमति पाई तत्कालीन शिक्षा विभागबाट अनुदान पाइरहेकामध्ये हाल सञ्चालनमा रहेका बालविकास केन्द्रको सङ्ख्या | आ.व. २०७३/०७४ सम्ममा तत्कालीन स्थानीय निकायले स्रोत व्यवस्था गर्ने गरी अनुमति पाएकामध्ये हाल सञ्चालनमा रहेका बालविकास केन्द्रको सङ्ख्या | आ.व.२०७४/०७५ पछि स्थानीय तहले स्रोत व्यवस्था गर्ने गरी अनुमति प्राप्त गरेकामध्ये हाल सञ्चालनमा रहेका बालविकास केन्द्रको सङ्ख्या |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

## सबै शिक्षा विकास तथा समन्वय एकाइलाई

## विद्यालय छनोट गरी पठाउने सम्बन्धी सूचना

यस केन्द्र र नेपाल टेलिभिजनको सहकार्यमा विगत लामो समयदेखि विद्यालय सुधार र गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि असल अभ्यास तथा उत्कृष्ट कार्य गर्दै आएका विद्यालय एवं शैक्षिक संस्थाहरूका गतिविधिहरूलाई समेटेर कार्यक्रम उत्पादन गरी हरेक मङ्गलबार बेलुका ७:०० बजे नेपाल टेलिभिजनको राष्ट्रिय च्यानलबाट २५ मिनेट समयावधिको शैक्षिक टेलिभिजन कार्यक्रम "**शिक्षाको चौतारी**" प्रसारण गरिँदै आएको व्यहोरा विदितै छ। सोही अनुसार चालु आ.व.मा पनि उक्त कार्यक्रमलाई निरन्तरता दिने प्रयोजनार्थ तपसिलको ढाँचामा तहाँ जिल्ला स्थितः असल अभ्यास तथा शैक्षिक उन्नयनमा उत्कृष्ट कार्य गरेका १. **सामुदायिक विद्यालय** २. **प्राविधिक धार सञ्चालित विद्यालय** ३. **अनौपचारिक (प्रौढ, खुला तथा वैकल्पिक, परम्परागत र सामुदायिक सिकाइ केन्द्र) विद्यालयमध्येबाट** १।१ ओटा पर्नेगरी तीन ओटा विद्यालय एवं संस्था छनोट गरी यही कात्तिकभित्र अनिवार्य रूपमा यस शाखाको **Email: radiodeol@gmail.com** मा पठाउनहुन अनुरोध छ। यसरी एकाइबाट छनोट भई आएका विद्यालय, शैक्षिक संस्थाहरूको गतिविधि छायाङ्कन गर्न नेपाल टेलिभिजनका प्राविधिक तहाँ जिल्लामा आएको समयमा आवश्यक सहयोग पुऱ्याउनुहुन समेत अनुरोध छ।

**तपसिल**

**छनोट गरिएका विद्यालय/शैक्षिक संस्थाहरूको विवरण**

| क्र.सं. | विद्यालय/शैक्षिक संस्थाको नाम | ठेगाना | प्र.अ./प्रमुखको नाम | मोबाइल नं. | उत्कृष्टताको क्षेत्र |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**द्रष्टव्य** : *उत्कृष्टताको क्षेत्र भन्नाले उत्कृष्ट सिकाइ उपलब्धि, गुणस्तरीय शिक्षा, उत्कृष्ट व्यवस्थापन, उत्कृष्ट पूर्वाधार, उल्लेख्य विद्यार्थी सङ्ख्या, विद्यालय सुसाशन, विद्यालयमा जनसहभागिता, अतिरिक्त तथा सह क्रियाकलाप आदि पक्षलाई लिने। साथै यस पूर्व यसै कार्यमा छनोट भई कार्यक्रममा परिसकेका विद्यालय तथा शैक्षिक संस्थाहरू छनोट नगर्ने।*

## श्रव्य पाठ प्रसारणसम्वन्धी सूचना

रेडियो नेपालबाट आइतबार बाहेक प्रत्येक दिन कक्षा ९ का अनिवार्य विषयका श्रव्य पाठहरू साँझ ५:१५ देखि ५:४५ बजेसम्म र कक्षा ११ र १२ का अनिवार्य विषयका श्रव्य पाठहरू बेलुकी ८:२५ देखि ८:५५ बजेसम्म नियमित रूपमा प्रसारण भइरहेका छन्। यसरी प्रसारित श्रव्य पाठहरूबाट सम्बन्धित विद्यार्थीहरूले फाइदा लिन सक्ने वातावरण बनाइदिनुहुन सम्पूर्ण अभिभावक, शिक्षक तथा सम्बन्धित सरोकारवालाहरू समक्ष केन्द्र हार्दिक अनुरोध गर्दछ। श्रव्य पाठहरूको प्रसारण समय तालिका यस केन्द्रको वेबसाइट **cehrd.gov.np** मा हेर्न सकिनेछ। प्रसारित उक्त श्रव्य पाठहरू केन्द्रको फेसबुक पेज **www.facebook.com/radiodistance** मा पनि सुन्न सकिनेछ।